आज मिति २०७८ साल बैशाख ०५ गते आइतवारका दिन यस टोखा नगरपालिकाका प्रमुख श्री प्रकाश अधिकारीज्यूको अध्यक्षतामा तपसिलका महानुभावहरुको उपस्थितिमा ६६ औं नगर कार्यपालिकाको बैठक बसियो ।

**उपस्थिति**

| सि.नं | पद | नामथर | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १ | प्रमुख | प्रकाश अधिकारी | | |
| २ | उपप्रमुख | ज्ञानमाया डंगोल | | |
| ३ | वडा अध्यक्ष/न.का.स. | श्रीकृष्ण अधिकारी | | |
| ४ | वडा अध्यक्ष/न.का.स. | दिपकराज जोशी | | |
| ५ | वडा अध्यक्ष/न.का.स. | सिंहराज श्रेष्ठ | | |
| ६ | वडा अध्यक्ष/न.का.स. | धर्मेन्द्र श्रेष्ठ | | |
| ७ | वडा अध्यक्ष/न.का.स. | जगन्नाथ ढकाल | | |
| ८ | वडा अध्यक्ष/न.का.स. | महेश्वर के.सी. | | |
| ९ | वडा अध्यक्ष/न.का.स. | नरोत्तम राना | | |
| १० | वडा अध्यक्ष/न.का.स. | केशव बहादुर खत्री | | |
| ११ | वडा अध्यक्ष/न.का.स. | जोग प्रसाद नेपाल | | |
| १२ | वडा अध्यक्ष/न.का.स. | मधुसुदन पाण्डे | | |
| १३ | वडा अध्यक्ष/न.का.स. | उत्तम अधिकारी | | |
| १४ | नगर कार्यपालिका सदस्य | पार्वती अधिकारी | | |
| १५ | नगर कार्यपालिका सदस्य | कल्पना घिमिरे | | |
| १६ | नगर कार्यपालिका सदस्य | जगतमाया महर्जन | | |
| १७ | नगर कार्यपालिका सदस्य | उर्मिला बि.क. | | |
| १८ | नगर कार्यपालिका सदस्य | शोभा तामाङ | | |
| १९ | नगर कार्यपालिका सदस्य | लिला भुजेल | | |
| २० | नगर कार्यपालिका सदस्य | बच्चु बस्याल | | |
| २१ | नगर कार्यपालिका सदस्य | सन्जिव सुनुवार | | |
| २२ | प्रमुख प्रशासकीय अधिकृत/सचिव | प्रकाश आचार्य | | |

निर्णयहरुः-

१. तपसिल बमोजिमका व्यवसायीहरुलाई टोखा नगरपालिकाको 'घ' वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धी कार्यविधि, २०७५ बमोजिम 'घ' वर्गको निर्माण व्यवसायी इजाजत पत्र प्रदान गर्ने निर्णय गरियो ।

क. सि.आर बिल्डर्स प्रा.लि, टोखा न.पा -६

ख. श्रेयस कन्स्ट्रक्सन कम्पनी प्रा.लि, टोखा न.पा -३

ग. ग्रीन तारा ईन्जिनियरिङ कन्सल्टेट, टोखा न.पा-८

घ. साहनी कन्स्ट्रक्सन प्रा.लि, टोखा न.पा -१०

ङ. संकटा भगवती, टोखा न.पा-१०

च. निर्णायक कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि,टोखा न.पा-१०

छ. जे.आर.वी. कनस्ट्रक्सन एण्ड सप्लायर्स,टोखा न.पा-५

ज. ड्रिम वर्ल्ड निर्माण कम्पनी प्रा.लि,टोखा.न.पा-१०

झ. बुस्टर कन्स्ट्रक्सन प्रा.लि, टोखा न.पा-१०

२. यस नगरपालिकाको कर्मचारी संगठन संरचना स्वीकृतिको लागि पेश भएकोमा सो उपर थप अध्ययन तथा छलफल पश्चात अर्को वैठकमा पेश गर्ने निर्णय गरियो ।

३. यस नगरपालिका वडा नं. ५ मा रहेको ईशान वाल तथा महिला अस्पतालको नक्सापास विवाद सम्वन्धमा मिति २०७६/०९/११ मा कार्यपालिकाको ४७ औं वैठकवाट नगर उपप्रमुख श्री ज्ञानमाया डंगोलको अध्क्षतामा छानविन समिति गठन भएकोमा समितिले मिति २०७७/१२/१६ मा पेश गरेको प्रतिवेदन सम्वन्धमा वैठकमा छलफल भयो । सो सम्वन्धमा हाल साविक नापी नक्सा अनुसार फिल्ड एकिन गरी कानून वमोजिम गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो ।

४. चन्द्रागिरी नगरपालिकाको मिति २०७७-८-१४, च.नं. ४११ को पत्रवाट उपत्यकाका सवै पालिकाहरुमा जाने /आउने प्रमुख राजमार्गको नाका चन्द्रागिरी रहेकोले चन्द्रागिरी नगरपालिकावाट कवाडी कर संकलन गरी मेयर फोरमको वैठक वसी बाँडफाँड गर्ने गरी सहमति माग गरेकोमा टोखा नगरपालिका क्षेत्र भित्रवाट संकलन हुने कवाडीको परिमाणको आधारमा नगरपालिकाले राजस्व प्राप्त गर्ने सुनिश्चितता गरी कवाडी कर संकलनको लागि चन्द्रगिरी नगरपालिकालाई सहमति प्रदान गर्ने निर्णय गरियो ।

५. यस नगरकार्यपालिकाको ६५ औं वैठकवाट यस नगरपालिका वडा नं. ३ साविक टोखा सरस्वती गा.वि.स वडा नं. ८ सि.नं. १०२-०८६५-१३ कि.नं. ३ को क्षे.फ २३८४४ व.मि. को जग्गामा प्राविधिक शिक्षा तथा व्यावसायीक तालिम परिषद्को आंगिक शिक्षालय मनमोहन स्मृति पोलिटेक्निकल ईन्स्टिच्यूट स्थापनार्थ सरकारी जग्गा दर्ता तथा लिजमा उपलब्ध गराउने सम्वन्धि कार्यनीति अनुसार ३० वर्षको लागि प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद, सानोठिमीलाई लिजमा उपलब्ध गराउन सहमति प्रदान गर्ने निर्णय

भएकोमा उक्त शिक्षालयको नाम अन्यथा हुन गएकोले सो नाम संशोधन गरी "मनमोहन वहुप्राविधिक शिक्षालय" राखी सहमति प्रदान गर्ने निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो ।

६. यस नगरपालिकामा विगतमा विभिन्न वडामा कार्यरत सामाजिक परिचालकहरुको पदनाम परिवर्तन भईसकेकोले बाँकी रहेका नगरपालिका अन्तर्गतका विभिन्न वडाहरुमा कार्यरत तपशिल बमोजिमका सामाजिक परिचालकहरुको पदनाम सामाजिक परिचालकवाट सहायक कम्प्युटर अपरेटर ( सहायक चौथो सरह सेवा सुविधा हुने गरी) मा परिवर्तन गर्ने निर्णय गरियो ।

| कर्मचारीको नाम थर | साविक पद | कार्यरत वडा | हाल परिवर्तित पद नाम | वडा | कैफियत |
|---|---|---|---|---|---|
| सुमिना वानियाँ | सामाजिक परिचालक | ८ | सहायक कम्प्युटर अपरेटर | ८ | |
| बिमला मुडभरी | सामाजिक परिचालक | १ | सहायक कम्प्युटर अपरेटर | १ | |
| सबिता श्रेष्ठ | सामाजिक परिचालक | ३ | सहायक कम्प्युटर अपरेटर | ३ | |

७. विविध विषयका सम्वन्धमा छलफल हुदाँ तपशिल वमोजिमको निर्णय गरियो ।

क. टोखा नगरपालिका वडा नं. ४ लाई वालमैत्री वडा घोषणाको लागि आवश्यक पर्ने सूचकहरु पूरा हुदै गएकोले वाँकी सूचकहरु पूरा गर्दै यसै आ.व. भित्र वालमैत्री वडा घोषणा गर्ने ।साथै वालवालिका सम्वन्धि आचारसहिंतालाई प्रभावकारी रुपमा लागू गर्न विद्यालय,वडा कार्यालय लगायत सार्वजनिक स्थानहरुमा प्रचार प्रसार गर्ने ।

ख. महिला तथा वालवालिका शाखामा कार्यरत अधिकृतस्तर छैठौं श्री निर्मला रेग्मीलाई टोखा नगरपालिका वाल कल्याण अधिकारी तोक्ने ।

ग. टोखा नगरपालिका खेलकूद विकास समितिवाट पेश भएको "**नगर खेलकूद विकास कार्यविधि,२०७८**" लाई स्वीकृत गरी लागू गर्ने ।

घ. आ.ब २०७५/७६ मा सडक वोर्ड नेपालको मिति २०७६-१-२६ को पत्रानुसार स्वीकृत कार्यक्रम कार्यान्वयन गर्न रु ४५ लाख र टोखा नगरपालिकावाट रु ३४८९२४३.४९ गरी जम्मा रु ७९८९२४३.४९ को Bituminous Road Specific Maintaince Work/ R.C.C Road Maintaince Work for Samakhushi Chowk to Grande Main Road खरिद प्रकृया ठेक्का नं. 21/NCB/TM/W/2075-76 वाट अगाडि वढाउदा शान्ति कन्स्ट्रक्सन एण्ड ट्रेडर्स प्रा.लि संग रु ४३४९९०४.५१ (भ्याट वाहेक) मा सम्झौता भएकोमा कोभिड-१९ को महामारी लगायतका समस्याका कारण समयमानै सम्पन्न गर्न कठिनाई भएकोले आ.ब २०७७/७८ को अन्त्य सम्म म्याद थप गरि चालु आ.ब. को अन्त्य सम्म सडक वोर्डवाट सम्झौता अनुसारको रकम प्राप्त नभएमा नगरपालिकाको श्रोतवाट सम्वन्धित निर्माण व्यावसायीलाई भुक्तानी उपलव्ध गराउने ।

ङ. यस टोखा नगरपालिकामा कार्यरत कानुनी सल्लाहकार श्री सत्य नारायण डंगोललाई निजले हाल सम्म पुर्याएको योगदानको उच्च सम्मान सहित विदाई गरी वडा नं. ३ निवासी वेखा नारायण डंगोललाई साविककै सेवा शर्त वमोजिम हुने गरी नगरपालिकाको कानुनी सल्लाहकारमा नियुक्त गर्ने ।

८. नगर प्रमुख,उप-प्रमुख तथा प्रमुख प्रशासकीय अधिकृतको तोक आदेशवाट हाल सम्म भएका सम्पूर्ण खर्च तथा निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो ।